# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन

प.सं.
च.नं. ७-६२८

मिति: २०८०/११/०२

विषय: निर्णय कार्यान्वयन गर्ने गराउने सम्बन्धमा ।

श्री सम्पूर्ण वडा कार्यालयहरु,
वडा नं. १-२९, भरतपुर महानगरपालिका, चितवन ।

"घुमौ भरतपुर" भन्ने मूल नाराको साथ सञ्चालन गरिने महाअभियान "भरतपुर भ्रमण वर्ष २०२४" मिति २०८०/११/१८ गते (१ मार्च, २०२४) हुने समुद्घाटन कार्यक्रम र समग्र महाभियानलाई सभ्य र भव्य बनाउन नगर कार्यपालिकाको ९१ औं बैठकबाट देहायबमोजिम निर्णय भएको हुँदा निर्णयानुसार गर्नुगराउनु हुन अनुरोध छ ।

तेजेन्द्र प्रसाद पौडेल
(महाशाखा प्रमुख)

१. "घुमौ भरतपुर" भन्ने मूल नाराको साथ सञ्चालन गरिने महा अभियान "भरतपुर भ्रमण वर्ष २०२४" मिति २०८०/११/१८ गते (१ मार्च, २०२४) हुने समुद्घाटन कार्यक्रमको वडास्तरमा प्रचारप्रसार गरी वडाको नेतृत्वमा झाँकी, बाजा, ब्यानर सहित र्यालीको खर्च व्यवस्थापनको लागि देहायका वडा कार्यालयहरूलाई प्रतिवडा एकमुष्ट देहायबमोजिम रकम उपलब्ध गराउने,

| सि.नं. | समुह आधार (चौबिसकोठीबाट दूरी) | वडा नम्बर | बजेट रकम |
|---|---|---|---|
| १ | क | १, २, ३, ४, ७, ९, १०, ११ र १२ | १,००,०००/- |
| २ | ख | ५, ६, ८, १३, १४, १५ र १६ | १,१५,०००/- |
| ३ | ग | १७, १८, १९, २० र २१ | १,३०,०००/- |
| ४ | घ | २२, २३, २४, २५, २६, २७, २८ र २९ | १,५०,०००/- |

२. "घुमौ भरतपुर" भन्ने मूल नाराको साथ सञ्चालन गरिने अभियान "भरतपुर भ्रमण वर्ष २०२४" मिति २०८०/११/१८ गते (१ मार्च, २०२४) हुने समुद्घाटन कार्यक्रममा वडा स्तरबाट सहभागी र्याली मूल्यांकन गरी प्रथम, द्वितीय र तृतीय हुने वडालाई क्रमशः एक लाख, पचहत्तर हजार र पचास हजार मूल्यको जिन्सी सामग्री सहित प्रमाणपत्रले पुरस्कृत गर्ने,

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

Scanned with CamScanner

# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

प.सं.

च.नं. ८९८

३. "घुमौ भरतपुर" भन्ने मूल नाराको साथ सञ्चालन गरिने महा अभियान "भरतपुर भ्रमण वर्ष २०२४" मिति २०८०/११/१८ गते (१ मार्च, २०२४) हुने समुद्घाटन कार्यक्रमलाई सभ्य र भव्य बनाउन देहायबमोजिम गर्न गराउन वडा कार्यालयहरूलाई निर्देशन गर्ने,

i. वडामा भएका सरकारी गैर सरकारी संघ/संस्था, स्कुल, कलेज, उपभोक्ता समिति, महिला संजाल, राजनीतिक पार्टी, सहकारी, निजि क्षेत्र, आमा समुह, यूवा क्लव, टोल विकास संस्था, धार्मिक समुह, जातजाति तथा साँस्कृतिक समुह, किसान बुद्धिजिवी, समाजसेवी, पत्रकार र पर्यटनसँग सम्बन्धित अन्य सरोकारवालाहरु निमन्त्रणा गरी भरतपुर भ्रमण वर्ष २०२४ सन्दर्भमा छलफल गर्ने,

ii. वडा कार्यालयहरूले यातायातको स्व-व्यवस्थापन गरी स्थानीय सरकारी, गैर सरकारी, संघ/संस्था, स्कुल, उपभोक्ता समिति, महिला संजाल, राजनीतिक पार्टी, सहकारी, निजि क्षेत्र, आमा समुह, यूवा क्लव, टोल विकास संस्था, धार्मिक समुह, जातजाति तथा साँस्कृतिक समुह, किसान, बुद्धिजीवी, समाजसेवी, पत्रकार र पर्यटनसँग सम्बन्धित अन्य सरोकारवालाहरुको सहभागितामा झाँकी, कलश यात्रा सहित र्‍यालीको नेतृत्व गर्ने व्यवस्था मिलाउने,

iii. मिति २०८०/११/१८ (१ मार्च, २०२४) दिन बिहान मूख्य सडक र चोकमा स्थानीयको सहभागिता र सहयोगमा घडा राखे र साँझ दिपावलीको व्यवस्था मिलाउने,

iv. नेपाल रेडक्रस सोसाइटी, स्थानीय क्लब, आमा समूह, निजी क्षेत्र आदिसँग समन्वय गरी स्वयम् सेवकको तयारी र परिचालन गर्ने,

v. स्थानीय स्तरमा रहेका पर्यटन गन्तव्यहरूको पहिचान, संरक्षण र प्रचारप्रसारको अतिरिक्त निरन्तर सरसफाइ कार्यक्रम आयोजना गरी टोल तथा चोक आकर्षक बनाउन आवश्यक व्यवस्था मिलाउने,

vi. स्थानीय स्तरमा परम्परागत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन गर्ने,

vii. पर्यटन प्रवर्द्धन समितिको बैठकमा टोल विकास संस्थाको अध्यक्षहरूलाई आमन्त्रण गर्ने ।

४. २०८०/११/१८ गते र्‍यालीमा सहभागीको प्रस्तुति र उपस्थितिको आधारमा देहायबमोजिमको विधामा नगद र प्रमाणपत्रले पुरस्कृत गर्ने निर्णय,

१. **विद्यालय मध्यबाट –** प्रथम, द्वितीय र तृतीय

प्रथम रू. २०,०००/- र प्रमाणपत्र

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्‌बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

Scanned with CamScanner

# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन


प.सं.
च.नं. ५६२४

द्वितीय रू. १५,०००/- र प्रमाणपत्र
तृतीय रू. १०,०००/- र प्रमाणपत्र

२. संघ/संस्था/समुह/गुठी/झाँकी/भेषभुषा/जातजाति मध्यबाट – प्रथम, द्वितीय र तृतीय

प्रथम रू. २०,०००/- र प्रमाणपत्र
द्वितीय रू. १५,०००/- र प्रमाणपत्र
तृतीय रू. १०,०००/- र प्रमाणपत्र

<u>बोधार्थ</u> :
**श्री सूचना शाखा** - सम्पूर्ण वडाहरूलाई जानकारी गराउने व्यवस्थाको लागि अनुरोध छ।

<u>सादर अवगतार्थ</u>

१. श्रीमान् नगर प्रमुख ज्यू
२. श्रीमान् नगर उप प्रमुख ज्यू
३. श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू


056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)


Scanned with CamScanner